# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०८।०७ गते।

## प्रेस विज्ञप्ति

### विषय: <u>आरोपपत्र दायर गरिएको।</u>

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले कुमरोज सामुदायिक वन उपभोक्ता समूहलाई निकुञ्जको कोर ईलाकामा १६ कोठाको लजसहितको भ्यू टावरको निर्माण गर्न सहमति दिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा कुमरोज मध्यवर्ति सामुदायिक वन उपभोक्ता समितिले पर्यापर्यटनको विकास एवं विस्तारका लागि खैरहनी नगरपालिकाबाट विनियोजन भएको बजेट र समूहको आन्तरिक कोषबाट मध्यवर्ति सामुदायिक वन क्षेत्रमा कंक्रिट मचान निर्माण गर्ने भनी निकुञ्जको सौराहा सेक्टरबाट अनुमति प्राप्त गरी सो अनुमति र ऐन, नियम विपरीत निकुञ्जको कोर एरियामा कंक्रिट मचानभन्दा भिन्न लज होटलको स्वरुप र आकारको १८ कोठे ५ तल्ले विशाल भवन निर्माण गरेको, अन्य प्रयोजनका लागि निशुल्क काठ काटी ढुवानी निकासी गरी लैजान अनुमति लिई सो को दुरुपयोग गरी उक्त भवनमा समेत काठ प्रयोग गरेको, बुढी राप्ति उपभोक्ता समितिले कोर एरियामा वनेको उक्त भवनमा रकम खर्च गरेको, खैरहनी नगरपालिकाले अनुमति लिनु भन्दा अगाडि नै उपभोक्ता समितिसँग सम्झौता गरी निकुञ्जसँग समन्वय नगरी मध्यवर्ति क्षेत्र हो वा होइनसमेत एकिन नगरी निर्माण कार्यको सर्भे, नक्सा र लागत अनुमान तयार एवं स्वीकृत गरी निर्माण कार्य अगाडि बढाएको, सौराहा सेक्टरले आफूले प्रदान गरेको अनुमति र शर्त विपरित कोर एरियामा विशाल भवन निर्माण हुँदासमेत समयमै अनुगमन गरी रोक्का नगरेको कारणबाट कोर एरिया (निकुञ्जको चार किल्लाभित्र) मा निर्मित उक्त भवन प्रयोगविहिन भई भवन निर्माणमा लगानी भएको रकम औचित्यहिन भई सार्वजनिक सम्पत्तिको हानिनोक्सानी गरी भ्रष्टाचारजन्य कार्य गरे गराएको हुँदा सो कार्यमा कार्यालय/संस्था र व्यक्तिहरुको संलग्नता देखिएकोले देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहायः-

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन सहायक संरक्षण अधिकृत **अभिनय पाठक** | चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टर | रु.३१,५९,७३५।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र दफा ३ (१) बमोजिम जरिवानाको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम निजबाट बिगो असुल उपर हुन समेत मागदाबी लिइएको छ। |
| २. | प्रमुख प्रशासकीय अधिकृत **पुरुषोत्तम शर्मा**, इन्जिनियर **राजेश कोईराला र** सवइन्जिनियर **सुमन श्रेष्ठ** | खैरहनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | रु.३१,५९,७३५।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही दफाले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र दफा ३(१) बमोजिम जरिवानाको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम निजहरुबाट बिगो असुल उपर |

| | | | | |
|---|---|---|---|---|
| | | | | हुनसमेत मागदाबी लिइएको छ। |
| ३. | वन उपभोक्त समूह र कंक्रिट मचान निर्माण समितिका तत्कालीन **अध्यक्ष हिरा बहादुर गुरुङ** | कुमरोज मध्यवर्ति सामुदायिक वन उपभोक्ता समूह र कंक्रिट मचान निर्माण उपभोक्ता समिति | रु.१,१९,०५,६०३।३० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (झ) बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिवाना हुन र हानिनोक्सानी भएको बिगो निजबाट दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिइएको छ। |
| ४. | वन उपभोक्ता समूहका तत्कालीन **कोषाध्यक्ष सम्भु जि.सी. भनिने समर बहादुर घर्ती क्षेत्री** | कुमरोज मध्यवर्ति सामुदायिक वन उपभोक्ता समूह | रु.८९,०२,६६५।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (ज) बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिवाना हुन र हानिनोक्सानी भएको बिगो निजबाट दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिइएको छ। |
| ५. | वन उपभोक्ता समूहका **अध्यक्ष गणेश कुमार श्रेष्ठ र कोषाध्यक्ष उज्वल बतौला** | कुमरोज मध्यवर्ति सामुदायिक वन उपभोक्ता समूह | रु.१३,३१,२१७।३० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (च) बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिवाना हुन र हानिनोक्सानी भएको बिगो निजहरुबाट दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिइएको छ। |
| ६. | उपभोक्ता समितिका अध्यक्ष **नारायण दत्त तिमिल्सिना** र कोषाध्यक्ष **सोमराज कडरिया** | बुढी रासि उपभोक्ता समिति | रु.७८,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को (१) देहाय (ग) बमोजिम कैद सजाय र दफा ३(१) बमोजिम जरिवाना हुन र हानिनोक्सानी भएको बिगो निजहरुबाट दफा १७ बमोजिम असुलउपर हुन मागदाबी लिइएको छ। |
| ७. | उपभोक्ता समितिका कोषाध्यक्ष **सिता दहाल भनिने ठण्डा कुमारी दहाल** र सचिव **कल्याण लटौला** | कंक्रिट मचान निर्माण उपभोक्ता समिति | रु.३५,५०,९५२।३० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा सोही दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदाबी लिइएको छ। |

प्रवक्ता

भोला दाहाल